# नगर प्रमुख श्री जिवलाल खरेल जीवनद्वारा
# प्रस्तुत
# आर्थिक वर्ष २०८१।०८२ को वार्षिक
# नीति तथा कार्यक्रम

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वामीटक्सार, गुल्मी ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

१. नेपालको संविधानले व्यवस्था गरे बमोजिम ७५३ स्थानीय सरकारहरु मध्ये एक महत्वपूर्ण, गौरवशाली-स्वाभिमानी र मेहनेती मुसिकोट नगरवासीहरुद्वारा निर्वाचित मुसिकोट नगरपालिकाको दोस्रो नगरसभाको गरिमामय यस सोह्रौं अधिवेशनमा आ.व. २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवान्वित र उत्साहित छु ।

२. यस अवसरमा म सर्वप्रथम देश र जनताको हितलाई सर्वोपरी मानी विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष र जनआन्दोलनमा आफ्नो अमूल्य जीवन वलीदान गर्ने सबै ज्ञात अज्ञात श्रद्धेय शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । समग्र नगरपालिकाको आर्थिक, सामाजिक रुपान्तरणका लागि दत्तचित्त भएर राष्ट्र र राष्ट्रप्रेमलाई शिरमा राखी समृद्ध नगर निर्माणको अभियानमा लाग्न हामीलाई प्रेरणा, हौसला प्रदान गर्नु हुने आम नगरवासी र देश विदेशमा रहेर हाम्रो मुसिकोट नगरपालिकाको समग्र समुन्नति र जनकल्याणका लागि हामीमाथि भरोसा राख्ने मुसिकोट नगरका शुभ चिन्तकहरुलाई कृतज्ञता पूर्वक अभिवादन टक्र्याउँदछु ।

३. समृद्ध मुसिकोट निर्माण अभियानमा अगाडि बढ्ने क्रममा आ.ब.२०८०/८१ मा हामीले अगाडि सारेका नीति तथा कार्यक्रमहरु लागु गर्न प्रत्यक्ष परोक्ष रुपमा भूमिका खेल्नु हुने सबै नगरवासी जनसमुदाय, संघ एवं प्रदेश सभाका मा. सदस्यज्यूहरु, संघ संस्थाका प्रतिनिधि, कर्मचारी, राजनीतिकर्मी, शिक्षक, बुद्धिजीवी, निर्माण व्यवसायी, व्यापारी, पत्रकार, सुरक्षाकर्मी सबैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

४. स्थानीय सरकारको लगानीलाई उत्पादनमुलक कार्यमा लगाई रोजगारी सिर्जना गर्नु र बढ्दो वसाइसराईलाई नियन्त्रण गर्नु हाम्रो लागि चुनौतीको विषय बन्न थालेकोले यसलाई केन्द्रमा राखी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा, हाम्रो दीर्घकालिन सोच, दिगो विकासका लक्ष्य समेतलाई ध्यानमा राखेर आगामी आ.व.२०८१/८२ को नीति र कार्यक्रम तय गरिएको छ ।

५. नेपालको संविधानले दिएको अधिकारलाई अधिकतम रुपमा प्रयोग गर्दै सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन, सेवा प्रवाहमा सारभूत र आम नगरवासीले सहजै महसुस गर्न सक्ने गरि स्पष्ट कार्ययोजनाका साथ विगतमा अगाडी बढाइएका कामहरु पूरा गर्दै नयाँ सोच र संकल्प सहित हामी अघि बढिरहेका छौं । हामी हाम्रो दायित्व र कर्तव्यलाई मध्यनजर गर्दै नगरवासीको आर्थिक र सामाजिक जीवनमा सहजै अनुभुति हुने परिवर्तनको लागि निरन्तर प्रयासरत छौं र हाम्रो कार्यकाललाई समृद्ध नगरको कोशेढुङगा सावित हुने गरी तर्जुमा गरेका योजना तथा कार्यक्रमलाई परिणाममूखी बनाउन हामी निरन्तर लागिरहनेछौं ।

६. उत्पादन, उत्पादकत्व बृद्धि, मानव पूँजी निर्माण, उद्यमशीलता विकास, दिगो विकास, विपद् व्यवस्थापन, सुशासन जस्ता विषयहरुमा हाम्रा कार्यक्रमहरु केन्द्रित हुनेछन् । यसका निम्ती राष्ट्रिय दीर्घकालिन सोच, दिगो विकास लक्ष्य र हाम्रो प्रथम आवधिक योजना (२०७८/०७९-२०८२/०८३) मार्गदर्शनका रुपमा रहेका छन् ।

७. आगामी आ.व. २०८१/०८२ को नीति, कार्यक्रम र बजेट तर्जुमाको शिलशिलामा औपचारिक रुपमा विभिन्न पक्षहरुसँग सघन रुपमा प्रत्यक्ष अन्तर्क्रिया गरी रायसुझाव लिनुका साथै सामाजिक संजाल, फोन सम्पर्क, इमेल आदि माध्यमबाट विभिन्न पेशा व्यवसायमा संलग्न स्वदेश एवं विदेशमा रहनुहुने विकासप्रेमी सम्पूर्ण मुसिकोटवासी महानुभावहरुबाट राय सुझाव माग गरेका थियौं । सो अनुरुप प्राप्त राय सुझावहरुलाई यथाशक्य समेट्ने प्रयास गरेका छौं ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**श्रोत परिचालन**

८. वित्तीय अनुशासनमा उच्च प्राथमिकता दिंदै र वित्तीय जोखिमका क्षेत्रहरु प्रति गम्भिर भई सुधारात्मक कदमहरु चालिने छ । आन्तरिक स्रोत अति न्यून परिचालनको अवस्था रहेको सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानमा भर पर्नु परेको अवस्थाबारे हामी सबैलाई जानकारी छ ।

९. करको क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करको प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्वन्धित करको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गरी सरोकारवालाहरुको क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गरी सरोकारवालाहरुको

सुझावसमेतका आधारमा विगत आ.व.हरुमा परिचालन गरिएका करका दायराहरुलाई फराकिलो गर्दै कर तिर्ने नागरिक दायित्व पूरा गर्न अभिप्रेरित गरिने छ। प्राप्त अनुदान र नागरिकहरुबाट प्राप्त करको समुचित उपयोगमा जोड दिंदै पूँजी निर्माणमा उच्च प्राथमिकता दिइनेछ।

१०. सरकारी खर्चको कुशल व्यवस्थापनबाट सुशासनका आयामहरुको क्रियाशिलताद्वारा विकासका लक्ष्यहरु पुरा गरिनेछ। सो को निम्ती आन्तरिक नियन्त्रण प्रणाली तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। सरकारी कोषको अधिकतम सदुपयोगमा हामी सचेत रहेको व्यहोरा प्रतिबद्धता सहित व्यक्त गर्न चाहन्छु।

११. वित्तीय कुशलताद्वारा चालु खर्चलाई कम गर्ने र पूँजीगत खर्च बढाउने र पूँजी निर्माण गर्ने कुरामा विशेष ध्यान दिइने बिषय हाम्रो प्राथमिकताको बिषय हो। महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुंदा औंल्याइएका बेरुजुका बिषयमा हामी गम्भीर रहेका छौं। कार्यालयको खर्च गर्ने क्षमतामा बृध्दि गरी बेरुजुलाई न्यूनिकरण गर्दै सुशासन कायम गर्न सूचना प्रविधिलाई अधिकतम र उच्चतम प्रयोग गरिने छ।

१२. समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय नारालाई पूरा गर्न दिगो विकासका लक्ष्यहरुलाई बजेट तर्जुमा गर्दा ध्यान दिंदै दिगो विकासका आधार स्तम्भ, लक्ष्यहरु एवं सूचकहरुको आधारमा दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्ने कुरामा विशेष ध्यान दिइने छ।

१३. नगरपालिकाको दीर्घकालिन सोंच देहाय अनुसार रहेको स्मरण गराउन चाहन्छु।

**"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि, उद्योग, पर्यटन र पूर्वाधार"**

१४. आवधिक योजनाले परिलक्षित गरेका क्षेत्रहरु र मध्यमकालिन खर्च संरचनाको मर्म अनूरुप हाम्रा श्रोतहरु परिचालित हुने छन्। नेपालको संविधान, संघीय सरकार र प्रदेश सरकारका आवधिक योजना, प्रचलित कानून, स्थानीय श्रोत साधन लगायतका बिषय वस्तुहरु मुसिकोट नगरपालिकाका श्रोत परिचालनका प्रमुख आधारहरु हुन्।

## सहकार्य र समन्वय

१५. देशको संविधानले परिकल्पना गरेको सार्वजनिक, निजी र सहकारीको माध्यमबाट आर्थिक गतिविधिलाई चलायमान बनाउने जुन सोंच छ, हाम्रो स्थानीय परिवेशमा निजी क्षेत्र सक्षम हुन नसकेको साथै सहकारी क्षेत्र विकास अभियानमा जोडिन समय लाग्ने भएका कारण नगरपालिकाले आफ्ना गतिविधिहरु संचालन गर्दा संघ, प्रदेश र स्थानीय तहहरु बीचको आपसी सम्बन्ध र समन्वय एवं सहकार्यका आधार माथि विशेष ध्यान दिइने छ। विकासका साझा बिषयहरुको खोजी गरी प्रक्रिया अगाडि बढाउने कार्यलाई प्राथमिकता दिइने छ। विकास साझेदार संस्थाहरुसँगको सम्बन्ध सुमधुर बनाउँदै विकासका गतिविधिहरु संचालन गर्नु अहिलेको आवश्यकता हो।

१६. गत आ. व. मा जापानको ओइता प्रान्तको बुङगोआनो नगर र मुसिकोट नगरपालिका बीच भगिनी सम्बन्ध कायम गर्नका लागि समझदारी पत्रमा हस्ताक्षर भैसकेको परिप्रेक्ष्यमा आगामी आ. व. मा समेत असल अभ्यास, नवीनतम प्रविधि, शिक्षा र अनुभवहरुको आदानप्रदान गर्नका निम्ति राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा भ्रमण, बैठक र सम्झौता मार्फत यसप्रकारका भगिनी सम्बन्ध स्थापित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## आर्थिक विकास

१७. स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनहरुको अधिकतम उपयोग गर्दै स्थानीय स्तरमा रोजगारी बृद्धि गर्न स्थानीय अर्थतन्त्रलाई सबल, गतिशील र समृद्ध बनाउनु स्थानीय सरकारको दायित्व बनेको छ। मुसिकोट नगरपालिकाको स्थानीय अर्थतन्त्रको प्रमुख श्रोतहरुमध्ये मुख्यत: कृषि रहेकोमा अब उक्त क्षेत्रमा आधुनिकीकरण गर्दै लघु-घरेलु उद्योग, पर्यटन तथा व्यापार क्षेत्रलाई प्रवर्द्धन गर्न आवश्यक देखिन्छ।

१८. आवधिक योजनाले परिलक्षित गरेको सोंच **"आकर्षक कृषि र सम्मानित कृषक"** सहितको उद्देश्यमा व्यावसायिक कृषिको विस्तार गर्नु हाम्रो लक्ष्य रहेको छ। कृषिमा विविधिकरण, यान्त्रिकीकरण तथा व्यावसायीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक रुपमा विकास गरिनेछ र सामूहिक तथा सहकारी खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१९. कृषि उपज संकलन तथा विक्रि सुनिश्चितता कार्यक्रमलाई थप व्यवस्थापन सहित निरन्तरता दिइने छ ।

२०. आर्थिक विकास र गरिबी निवारणका लागि संविधानले परिकल्पना गरेको तीन खम्बे आर्थिक नीति सार्वजनिक, निजी र सहकारीको माध्यमबाट आर्थिक गतिविधि सञ्चालन गरिने कुरालाई महत्व दिइने छ । निजी क्षेत्रलाई लगानी गर्न आकर्षित गर्नुका साथै सहकारीहरुसँग भएको पूँजी परिचालनलाई विशेष प्राथमिकता दिइने छ ।

२१. **"पख्नोस् तपाँइको लागि हामी केही गर्दैछौं "** कार्यक्रम अन्तर्गत व्यावसायिक रुपमा दर्तावाला कृषि, पशुपालन व्यवसाय तथा उद्योग संचालन गरेका व्यवसायीलाई व्यवसायीको उत्पादन दायरा, परिमाण, क्षेत्रफल लगायतमा आधारीत मापदण्ड बमोजिम मूल्याकंन गरी प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै नगरपालिका भित्र उत्पादन मूलक स्थानीय कच्चा पदार्थमा आधारित उद्योग र निर्यातमूलक उद्योग संचालन गर्ने स्थानीय उद्यमीहरुको पहिचान गरी त्यस्ता उद्यमीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ । उत्पादनमा आधारित अनुदानलाई यसै कार्यक्रम मार्फत जोडिनेछ ।

२२. भौगोलिक अवस्था र सिंचाइको उपलब्धता समेतको आधारमा फलफूल एवं कृषि र पशुपालन साथै अन्य तुलनात्मक लाभका वस्तुहरु उत्पादनहरुको लागि पकेट क्षेत्रको अवधारणालाई निरन्तरता दिंदै थप बजेटको व्यवस्था गरिने छ । खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिकहकलाई संघीय र प्रदेश सरकारको नीति अनुरुप व्यवहारिक रुप दिइने छ । निर्मित हाटबजार संरचना नियमितरुपले संचालनमा ल्याउन उत्पादकहरु, सहकारीहरु र सरोकारवालाहरु बीच समन्वय गरिनेछ ।

२३. दैनिक उपभोग्य कृषिजन्य वस्तुहरुमा नगरपालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रर्वद्धन गर्न नगरपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरुको पहिचान गरि व्यावसायिक तरकारी खेती प्रर्वद्धन, फलफूल खेती प्रर्वद्धन, मसलावाली प्रर्वद्धन कार्यक्रम संचालन गर्दै लगिने छ । साथै निश्चित मापदण्ड पूरा गरी घर वरिपरि करेसाबारी र फूलबारी निर्माण गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ ।

२४. नगरपालिका भित्र प्राङगारिक कृषि उत्पादन र उपयोगलाई प्रर्वद्धन गर्न जैविक मल प्रर्वद्धन कार्यक्रम, प्राङगारिक मल तथा गड्योला मल उत्पादन जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

२५. नगरपालिका क्षेत्रभित्र उल्लेखनीय आर्थिक विकास हुने सम्भावना भएका तुलनात्मक लाभका क्षेत्र (जस्तै कृषि, उद्योग, पर्यटन) वा ठूला परियोजनाहरुमा लगानी गर्न उपयुक्त लगानीको वातावरण सिर्जना गरिने छ । कोषको अभाव रहने स्थितिमा नगर विकास कोष मार्फत सहुलीयतपूर्ण ऋण लिई एकल वा साझेदारीमा लगानी गर्ने वातावरण मिलाइनेछ ।

२६. सहुलियतपूर्ण बिना धितो ऋण उपलब्ध गराउने नगरपालिकाको मौजुदा कार्यक्रमलाई परिमार्जन गरी सो को लागि स्वरोजगार कोषमा जम्मा भएको रकम विशेषत: नयाँ महिला उद्यमी/व्यवसायी सिर्जनाका लागि लगानी गरिनेछ । त्यस्ता महिला उद्यमी/व्यवसायीलाई व्यवसायी बनाउन महिला उद्यमीहरुलाई लक्षित गरी स्टार्टअप पूँजी लगानीको लागि महिला उद्यमी सापटी कोषको व्यवस्था गरिनेछ ।

२७. स्थानीय स्तरमा परम्परागत रुपमा उत्पादन हुँदै आएका स्थानीय उत्पादन (जस्तै कोदोको पिठो, फापरको पिठो, मकैको आटो (च्याँख्ला), सिस्नोको धुलो, बाँकोको गुन्द्रुक, गहते सिमी, भटमास, गहत, टिमुर, आलस इत्यादि) को व्यावसायिक उत्पादनको लागि प्रोत्साहन गर्दै खरिद सुनिश्चितता गरी विक्रीको उचित प्रवन्ध मिलाईनेछ ।

२८. नविनतम प्रविधि अपनाउने र कृषि उत्पादन बृध्दि गर्ने हेतुले माटो परीक्षण सेवालाई प्राथमिकता दिईनेछ ।

२९. कृषि पशुपालन पेशा व्यवसायमा संलग्न किसानहरुलाई बीउ विजन र व्यावसायिक कृषि कर्ममा आवश्यक सामग्री खरिदमा (व्यक्ति, समूह, सहकारी वा निजी फर्मलाई) ७५% अनुदान-सहुलियत दिने व्यवस्थालाई निरन्तरता दिइने छ । यसमा बाँदर तथा वन्यजन्तु नियन्त्रण प्रविधि र औजार उपकरण समेत पर्नेछन । साना किसानलाई व्यावसायिक बन्न कृषि ऋणको ब्याजमा ५०% अनुदान दिइँदै आएकोमा अब नयाँ विधि बनाई ब्याजमा अनुदान पनि ७५% नै दिने व्यवस्था गरिनेछ ।

३०. संघीय सरकार र प्रदेश सरकारको नीतिसँग तादम्य(ता) कायम हुने गरी नगरपालिका भित्र भूमि बैङ्क स्थापना गर्ने बिषयलाई प्राथमिकता दिइनेछ । उपयुक्त जगाको अभावमा रहेका कृषि/पशुपालनसँग सम्बन्धित व्यवसायी, उद्यम गर्न

चाहने लघु-घरेलु तथा साना व्यवसायी, सहकारी र युवा बेरोजगार समूहलाई उक्त भूमी बैङ्कमा प्राप्त जग्गा सुलभ तरिकाले उपलब्ध गराउने नीति अख्तियार गरिने छ ।

३१. कृषि-यन्त्र, उपकरण तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । किसानहरुलाई सिँचाई सुविधा मार्फत् कृषि उत्पादन बढाउने तर्फ प्रेरित गर्ने उद्देश्यका साथ सिँचाई उपभोक्ताहरुको अनिवार्य सहभागिता २५ प्रतिशत मात्र हुने नीतिलाई निरन्तरता दिइएको छ ।

३२. बेमौसमी तरकारी खेती उत्पादनका लागि प्लाष्टिक टनेल वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ । उक्त कार्यक्रममा कृषकको सहज पहुँच बृद्धि गर्न नगरस्तरीय कार्यक्रम संचालन गरिने छ र यसलाई थप व्यवस्थित गर्न आवश्यक कदम चालिने छ । उद्यमी महिला समूहलाई प्रस्तावमा आधारित अनुदान रकम उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

३३. नगरपालिका क्षेत्रको विकास तथा समृद्धिको लागि उद्योग तथा रोजगारी मुख्य मेरुदण्ड भएको कुरालाई आत्मसात गर्दै दक्ष जनशक्तिको निर्माण र रोजगारीको सिर्जना गर्ने कुरालाई नगरपालिकाले मुख्य आधारको रुपमा लिने छ । **"श्रमको सम्मान नै समृद्धिको आधार हो"** भन्ने कुरालाई मुसिकोट नगरपालिका क्षेत्रभित्रका युवाहरुमा स्थापित गरी युवाहरुलाई परिश्रम प्रति सम्मान गर्न अभिप्रेरित गर्ने नीति लिइनेछ । आर्थिक हिसाबले संक्रिय जनसंख्यालाई उत्पादनमा जोड्नको लागि मुसिकोट नगरपालिकाका प्रत्येक वडामा **"एक वडा, एक पहिचान कार्यक्रम"** लाई क्षेत्र निर्धारण गरी विशेष जोड दिइने छ ।

३४. हाम्रो नगरपालिकाको विशिष्ट नगदे बाली र तुलनात्मक लाभको वस्तुको रुपमा पहिचान भएको कफी खेतीलाई नगरपालिकाको मुख्य बालीको रुपमा विकास गर्ने नीति लिइएको छ ।

**नेपाली कफीको जन्म ठाउँमा, कफी बँगैचा गाउँ गाउँमा**

**मुसिकोटको सौरव, गुल्मीको गौरव**

भन्ने नारा सहित नमूना कफी बगैंचा स्थापना गरि **"कफी लगाऔ आम्दानी बढाऔ"** कार्यक्रमलाई सार्थक बनाउन स्थानीय उद्यमी अन्य लगानीकर्ता र गुल्मी भित्रका सबै सहकारी संस्थाहरुको छाता संस्था जिल्ला सहकारी संघ गुल्मीसँग मिलेर ठूला कफी फार्म संचालन गर्ने वातावरण तयार पारिनेछ ।कफीको जननी मुसिकोट नगरपालिकालाई राष्ट्रिय पहिचान दिन **"कफी लगाऔं, आम्दानी बढाऔं"** कार्यक्रम लाई मुसिकोटको गौरवको कार्यक्रमका रुपमा अगाडि बढाइनेछ ।

३५. पशुपालनको माध्यमबाट रोजगारी सिर्जना गरी वेरोजगारी कम गर्दै लगिने छ । व्यावसायिक पशुपालनमा विशेष गरी बैदेशिक रोजगारबाट फर्केका युवालाई लक्षित गरी आधुनिक कृषि तालिम र विशेष कार्यक्रमको व्यवस्था गर्ने कुरालाई निरन्तरता दिइने छ । पशुपालक कृषकलाई पशु औषधी र तालिमलाई हाम्रो आवश्यकता अनुकूल विकास गरिने छ । हाम्रो नगरपालिका आत्मनिर्भर भइसकेका कृषि एवं पशुपंक्षी जन्य वस्तुहरुको निर्यात गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ । आफ्नो उत्पादनलाई बाह्य निर्यात गर्ने कृषकलाई विशेष सहुलियत दिने नीति लिइने छ । पशुपंक्षीको नश्ल सुधारगरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई विशेष जोड दिइने छ ।

३६. मुसिकोट नगरपालिकाको वडा नं ७ मा अवस्थित भेटेरीनरी अस्पतालमा चालु आ.व.मा केही उपकरणको व्यवस्था गरी ल्याव सेवा संचालन गर्दै आइएको छ भने आगामी आ.व. मा समेत पशु चिकित्सक सहित भेटेरीनरी अस्पताललाई थप व्यवस्थित रुपमा संचालनमा गरिनेछ ।

३७. पशुपालन व्यवसायमा घाँसखेतीको मुख्य भुमिका हुने हुंदा भुईघाँस तथा डालेघाँस खेतीलाई प्राथामिकता दिने गरि नर्सरीको स्थापना गरी कृषकहरु लाई आवस्यकता अनुसार घाँसका बिरुवाहरु उपलब्ध गराइने छ।

३८. नश्ल सुधार गरि उत्पादनमा बृद्धि ल्याउने नीती अनुरुप कृत्रिम गर्भाधानको पहुँच नपुगेका स्थानहरुलाई लक्षित गरि उन्नत जातका राँगाहरु तथा बोकाहरु वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३९. साना तथा मझौला कृषकहरुलाई व्यवसायिक बन्न प्रोत्साहन स्वरुप बाख्रापालन, कुखुरापालन, हाँसपालन, माछापालन, मोरिपालन लगायतका लक्षित कार्यक्रमहरु समावेश गरिनेछ ।

४०. दुग्धपदार्थ एवं मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न स्वास्थ्य सुरक्षा तथा सुधार गर्ने गरी मासुपसल सुधार गर्न व्यवसायीलाई उत्प्रेरित गरिनेछ । बाख्रामा खोर सुधार, गाई भैंसीमा गोठ सुधारलाई निरन्तरता दिइने छ । आधुनिक उन्नत जातका गाई, भैसी, बाख्रापालन तथा माछा पालनमा जोड दिइने छ ।

४१. कृषकहरुलाई नविनतम् प्रविधिसँग परिचित गराई कृषिमा उत्पादकत्वं बढाउन सो सम्बन्धी तालिमको व्यवस्था गरिने छ । साथै तालिमहरुलाई समयानुकूल बनाईने छ । सम्भाव्य स्थानहरुमा सिंचाईको उचित व्यवस्था गरी सहकारी कृषिलाई बढावा दिईनेछ । सिँचाई कुलाहरुको निर्माण, मर्मत सुधार, प्लाष्टिक पोखरी र पाईप द्वारा सिँचाई समेत हाम्रा प्राथमिकतामा रहने छन् ।

४२. स्थानीयतहमा संचालित व्यापार/व्यवसाय र उद्योगहरुलाई प्रोत्साहन गरी व्यवसायिकता र उद्यमशिलतामा जोड दिइनेछ । निजीक्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण अंगको रुपमा स्वीकार गरी प्रोत्साहन गर्दै विकास गतिविधिमा जोड दिई कार्यक्रम अगाडी बढाईने छ ।

४३. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशीलता विकास गर्ने र यस नगरपालिका भित्र लघु, घरेलु तथा साना उद्योगहरु संचालन गर्न फाइबर झोला, सेनिटरी प्याड बनाउने जस्ता उद्योगहरुको स्थापना गरि उद्यमशिलता विकासका लागि अन्य थप सीप विकास तालिमहरु (MEDPA) सँग जोडिनेछ । दुना टपरी उद्योग र फाइबर झोला उद्योगका उत्पादनले प्लाष्टिक जन्य वस्तुको प्रयोगलाई क्रमश: निरुत्साहित गर्दै लगिनेछ ।

४४. लघु उद्यमी व्यावसायिकता निरन्तरताका निम्ति लघु उद्यम विकास तथा बजारिकरण गरि अति विपन्न तथा वेरोजगार व्यक्तिहरुको जीवनस्तरमा सुधार ल्याउने र स्थानिय कच्चा पदार्थहरुको प्रयोग, प्लाष्टिक प्लेटहरुको विस्थापन, वातावरणीय स्वच्छता, महिलाहरुको क्षमता विकास, सहकारिता, आय-आर्जनमा बृद्धि हुने गरी उद्यमशिलता विकास गरि नगरपालिका भित्र उद्योग संचालन गर्ने वातावरण मिलाईनेछ र लघु उद्यमीहरु सिर्जना गरिने छ ।

४५. मुसिकोट नगरक्षेत्रभित्र व्यवसायिक रुपमा उद्योग/व्यवसाय संचालन गरी बसेका व्यवसायीलाई प्रोत्साहन गर्ने नीति अनुरुप **"उद्यमीसँग मुसिकोट नगरपालिका"** प्याकेज कार्यक्रम संचालनमा ल्याइनेछ ।

४६. विभिन्न संघ सस्था र सहकारीहरुसँग समन्वय गरी सिपमूलक तथा उद्यमशिलता विकासका तालिमहरु सञ्चालन गरिनेछ । महिला सशक्तिकरणका लागि आर्थिक सशक्तिकरणमा जोड दिई ड्राइभिङ, सैलुन, व्युटिसियन, प्लम्बिङ, इलेक्ट्रिसियन जस्ता शिपमूलक तालिमको संचालन गर्ने व्यवस्था मिलाईनेछ । र यसमा उद्यम/व्यवसाय संचालनको योजना भएका महिलाहरुलाई जोडिनेछ ।

४७. उद्योगहरुको स्थापना र संचालनको लागि वित्तीय पूँजीको लागि बैङ्कमार्फत् आवश्यक ऋणको सिफारिस गर्ने व्यवस्था गरिने छ । नगरपालिका भित्र संचालित बैङ्कहरुले आफूले प्रवाह गर्ने कर्जाको निश्चित प्रतिशत रकम औद्योगिक ऋणको रुपमा प्रवाह गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

४८. वैदेशिक रोजगारमा गएका युवाहरुलाई फर्किने वातावरण तयार गर्न कृषि, पर्यटन, उद्योग व्यापार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा लगानीको वातावरण तयारी गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिने छ ।

४९. खेतीयोग्य उर्बर भूमी बाँझो राख्न नपाउने गरि त्यस्ता जग्गा बाँझो राखे वापत नगरपालिकाले तोकेको शुल्क मालपोत वाहेक थप बुझाउनु पर्ने व्यवस्था गरिने छ ।

५०. कम्तीमा १ हेक्टर (२०) रोपनी भन्दा बढी क्षेत्रफलको उब्जाउ र खेतीयोग्य जमिन नगरपालिका लाई भाडा (लिज) मा कम्तिमा २० वर्ष सम्मको अवधिलाई दिन चाहनेहरुका लागि त्यस्ता जमिन नगरपालिकाले लिजमा लिई खेती गर्न ईच्छुक तर जमिनको अभाव भएका व्यक्ति, समूह, सहकारी या निजी फर्मलाई सहुलियत दरमा भाडा तोकी जग्गा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

५१. नगरपालिकामा उपलब्ध खेतीयोग्य पर्ती जग्गाहरुमा युवा वेरोजगार र उद्यमी व्यवसायीको निश्चित प्रतिशत लगानी र प्रतिफलमा सहभागीता हुनेगरी उद्योग व्यवसाय स्थापना संचालनमा टेवा पुर्‍याई आर्थिक विकासमा सहयोग पुर्‍याइनेछ ।

शिवलाल खरेल क्षेत्री

५२. निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सुधारका कामदारहरु खटाइ नमुना प्रदर्शन कृषि श्रोत केन्द्रको समेत विकास गर्ने गरी फलफूल नगदेबाली तथा अन्य उत्पादनबाट आन्तरिक आम्दानी समेत बढाउने लक्ष्यका साथ काम गरिनेछ। जस अन्तरगत कृषि उत्पादन नमुना प्रदर्शन, कृषि श्रोत केन्द्र समेतको विकास गर्ने गरी फलफूल, नगदेबाली, पशुपालन तथा अन्य उत्पादनबाट आन्तरिक आम्दानी समेत बढाउने लक्ष्का साथ काम गरिनेछ।

५३. "आफ्नै गाउँ फर्की आउँ" कार्यक्रम मार्फत् अन्यत्रबाट मुसिकोट नगरपालिका भित्र बसाइसराइ गरि आएका र कम्तिमा ६ महिना अघिदेखि व्यवसायिक कृषि वा अन्य उद्यमशील व्यवसाय संचालन गरी बसेका व्यवसायीलाई प्रोत्साहन गरिनेछ।

५४. **"वेरोजगारीलाई निकासः आफ्नै ठाउँको विकास"** भन्ने नारालाई आत्मसात गर्दै नगरपालिकाको कार्यक्रम अन्तरगत रहेका निरन्तर रोजगारी, निरन्तर निर्माण र मर्मत सुधार कार्यक्रमबाट जेठ, असार, साउन र भदौमा बर्षादका कारण परेको विपत्तिका लागि श्रमिक खटाइनेछ। पर्यटकीय स्थल मालिका मन्दिर, सालिमे दह, शहिद पार्क र मुसिकोट दरवारमा सरसफाई तथा बजारको फोहोर व्यवस्थापन गर्न एक एक जना व्यक्ति राखिनेछ।

५५. प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तरगत कार्यन्वयन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत सम्भार गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री, हाते औजार र सुरक्षाका सामाग्री खरिदका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम बीच साझेदारी गरी आयोजना सञ्चालन गरिनेछ।

५६. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई उद्यमशीलता विकास गर्न यस नगरपालिकामा लघु, घरेलु तथा साना उद्योग, रैथाने तथा परम्परागत सिप र पेशामा आधारित उद्यमशिलता प्रवर्द्धन गर्ने कार्य गरिनेछ।

५७. सुरक्षित वैदेशिक रोजगारीको लागि वैदेशिक रोजगारीमा जानु पुर्व, पुन जाँदा, वैदेशिक रोजगारीमा रहेको बेला केहि दुर्घटना भएका व्यक्तिहरुलाई संघीय सरकारबाट पाउने आर्थिक सहायताका लागि सहजीकरण गरिनेछ।

५८. आन्तरिक रोजगारी प्रवर्द्धनको लागि यस नगरपालिकामा रोजगार रणनीति तर्जुमा, अध्यावधिक र कार्यान्वयन गरिनेछ। आन्तरिक रोजगारीका लागि संवाद मञ्चलाई प्रभावकारी रुपमा संञ्चालन गरिनेछ।

५९. आन्तरिक रोजगारीका लागि र वैदेशिक रोजगारीका लागि विभिन्न तालिम प्रदायक संस्था तथा CTEVT का आङ्गिक शिक्षालयसँग समन्वय गरि सिपमूलक तथा उद्यमशिलता विकासका तालिम सञ्चालन गरिनेछ।

६०. स्वारा होमस्टेलाई व्यवस्थित गरी व्यवसायिकीकरण गरिदै छ भने मालिका मन्दिर क्षेत्र, मुसिकोट दरबार, सालिमे दहलाई संरक्षणगरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्न सहयोग पुग्ने गरी कार्यक्रम ल्याइनेछ। आर्थिक विकासको महत्वपूर्ण पक्षको रुपमा रहेको पर्यटन प्रवर्धनको लागि मुसिकोटमा रहेका महत्वपूर्ण ऐतिहासिक एवं सामाजिक धरोहरको संरक्षण एवं सम्वर्धन गर्न विशेष पहल गरिने छ। यसको लागि **"निर्मित सार्वजनिक सम्पत्तीको संभार"** नामक छुट्टै कोषको व्यवस्था गरिनेछ । यस कार्यक्रममा प्रधानमन्त्री रोजगार तथा निरन्तर रोजगारी निरन्तर निर्माण तथा म.सु. कार्यक्रमको बजेट र सूचिकृत बेरोजगार जनशक्तिको समेत प्रयोग गरिने छ।

६१. वैदेशिक रोजगारमा गएका र जान चाहने र वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारलाई लक्षित गरी वैदेशिक रोजगार सम्बन्धमा तालिम र अभिमुखिकरण तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालनमा ल्याइनेछ।

६२. मुसिकोट नगरपालिकाको स्थायी बासिन्दाको कारणबस विदेशी भुमिमा मृत्यु भएको खण्डमा निजका परिवारका निकटतम सदस्यलाई राहत स्वरुप केही सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ। वैदेशिक रोजगारीको शिलशिलामा अल्पत्र अवस्थामा परेका नगरवासीहरुका पिडा र समस्या सम्वोधन गर्न तथा उद्धारमा सरोकारवाला निकायसँग समन्वय गर्न नगरकार्यपालिकाको कार्यालयमा रहने हेल्प डेस्क मार्फत काम गर्ने गरी सम्पर्क व्यक्ति तोकिने छ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**सामाजिक विकास**

६३. नेपालको संविधानले सामाजिक विकाससँग सम्बन्धित बिषयहरूलाई उच्च प्राथमिकता दिएको छ। संविधानको मौलिक हक अन्तर्गत माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, आधारभूत तहको स्वास्थ्य सेवा

तथा पोषण सुविधा, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हक, सुरक्षीत आवासको हकलाई प्रत्याभूत गरिएको छ। यसैगरी संविधानको राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग र क्षेत्रका नागरिकहरुको शिक्षा तथा स्वास्थ्यमा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ।

६४. मुसिकोट नगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक विकास योजनाको क्षेत्रगत योजनाका रूपमा सामाजिक विकास योजना व्यक्तिको सक्षमता, आत्मसम्मान तथा समविकासको अभिबृद्धिमा केन्द्रित रहेको छ। क्षेत्रगत योजना अन्तर्गत शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकूद र भाषा, कला तथा संस्कृति जस्ता उप–क्षेत्रहरू समेटिएका छन्।

६५. **"गुणस्तरीय एवं व्यावहारिक शिक्षा" "गुणस्तरीय स्वास्थ्य सेवा तथा दिगो पोषण सुविधामा पहुँच"** आवधिक योजनामा समाविष्ट सामाजिक विकासका सोंचहरु हुन्।

**शिक्षा**

६६. **"मानव क्षमताको आधारः शिक्षा"** भन्ने शिक्षाको राष्ट्रिय नीति अनुरुप मुसिकोट नगरपालिकाको शैक्षिक व्यवस्थापनलाई व्यवस्थित गरिने छ। विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गरिने अभियानलाई निरन्तरता दिइने छ।

६७. गुणस्तरीय शिक्षाको लागि बिद्यार्थीहरुलाई विद्यालयमा **"ल्याउन, टिकाउन र सिकाउन" "बिद्यालय दिवा खाजा"** को कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। साथै विद्यालय स्तरका विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनका लागि नगरस्तरीय विविध प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

६८. सूचना प्रविधि मैत्री शिक्षा बनाउन सूचनाको विकासलाई अवलम्वन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था गरिने छ। विद्यालयहरुमा कम्प्यूटर, प्रिन्टर लगायतका सामानहरुको समूचित व्यवस्था गरिने छ। शिक्षाको गुणस्तर अभिबृद्धि गरी नतिजामूखी बनाइने छ। नैतीक शिक्षा, सहकारी शिक्षा, उद्यमशील शिक्षा जस्ता कुराहरुमा विशेष जोड दिईने छ। कक्षा १ देखि ३ सम्मको लागि मुसिकोटको आफ्नै स्थानीय पाठ्यक्रम निर्माण सम्पन्न भएको छ। यसलाई निरन्तरता दिंदै आगामी आ.व.मा पाठ्यपुस्तक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिने छ।

६९. सघन विद्यालय अनुगमन कार्यलाई निरन्तरता दिइ समितिको प्रतिवेदनका आधारमा विद्यालय र शिक्षक समायोजन गर्ने कार्यलाई निरन्तता दिंदै प्र. अ. व्यवस्थापन कार्यको सुरुवात गरिनेछ।

७०. **एक वडा एक लिडर विद्यालय** विकास गरी लिडर विद्यालय मार्फत फिडर विद्यालयहरुलाई आवश्यक सहयोग समन्वय सहकार्य गर्ने नीति लिई विद्यालयको शैक्षिक क्षेत्रमा सुधार ल्याइनेछ।

७१. नगरपालिका स्तरको तालिम केन्द्र र बहुप्राविधिक शिक्षण/प्रशिक्षण केन्द्र स्थापनाका निम्ति मुसिकोट नगरपालिका- ५ झक्कले-भुकुवा क्षेत्रमा CTEVT को अनुमति र आवद्धतामा कुनै एक प्राविधिक विषयमा अध्ययन अध्यापनको व्यवस्था मिलाउन गत वर्ष देखि नै आवश्यक पूर्वाधार निर्माणको काम भैराखेकोमा आगामी आ.व. मा समेत पूर्वाधारको थप व्यवस्थापन गर्दै उक्त शिक्षालयमा कक्षा संचालनका लागि विभिन्न निकायसँग आवश्यक पहल भैरहेकोमा थप पहलकदमी लिईनेछ।

७२. शिक्षाबाट वञ्चित एवं पँहुच पुग्न नसकेका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउने मूल नीति हाम्रो रहि आएको छ। बाल श्रम शोषण, बाल विवाह, बाल हिंसा एवं बाल दुर्व्यवहार अन्त्य गर्न यस सम्बन्धी कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ। सरकारी एवं गैरसरकारी संस्थाहरुको समेत सहकार्यमा बालमैत्री टोल, वडा हुंदै बालमैत्री नगर स्थापना गर्न आवश्यक पहल गरिने छ।

७३. नगरपालिका अन्तरगतका माध्यमिक तह सम्म संचालित विद्यालयहरुमा प्रत्येक महिनाको अन्तिम शुक्रबार भाषा, नैतिक शिक्षा, सीप तथा प्रविधि जस्ता विषयका अतिरिक्त कक्षा संचालन अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था मिलाईनेछ। दलित र

अल्पसंख्यक/ अति सिमान्तकृत समुदायका छात्रा र अपाङ्गता भएका छात्र/छात्राहरुलाई उच्च शिक्षा स्नातक तह र स्नाकोत्तर तह अध्ययनमा प्रोत्साहित गर्नको लागि तह अनुसार वार्षिक छात्रवृति उपलब्ध गराईने छ।

७४. मुसिकोट नगरपालिकाको प्राथमिकताका रुपमा रहेको हाम्रो पुस्तकालयलाई सार्वजनिक पुस्तकालयको रुपमा सुदृढिकरण गर्दै उक्त पुस्तकालयलाई संस्थागत रुपमा विकास गरि आम नागरिकको पहुँच सुनिश्चित गर्दै थप व्यवस्थित रुपमा संचालन गरिनेछ।

७५. संघीय सरकारको नीति अनुरुप **"शिक्षालाई शिपसँग, शिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न"** का लागि विविध शैक्षिक कृयाकलापहरु संचालन गरिनेछ।

७६. नगरपालिकाले खेलकुद र स्वास्थ्यको सम्बन्ध स्थापित गर्न खेलकुदलाई उच्च प्राथमिकता दिएको छ। नगरपालिकाले खेल क्षेत्रमा प्राप्त सफलता सँगै खेल क्षेत्रलाई थप परिस्कृत गर्दै लैजानका निम्ति आवश्यक व्यवस्था गरिने छ। खेलकुद क्षेत्रको विकासका लागि खेलकुद मैदानहरुको निर्माण तथा खेलकुद प्रतियोगिताको आयोजना गर्ने काम मुसिकोटको प्राथमिकताको विषय हो। नगर स्तरीय अन्तर विद्यालय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता चालु आ.व.मा पनि सम्पन्न गरि जिल्ला स्तरमा समेत उत्कृष्ट नतिजा ल्याउन सफल भएका छौ र आगामी आ.व.मा खेलकुदका थप कार्यक्रमहरु संचालन गरिने छ। वामीटक्सारमा निर्माणाधिन कभर्ड हल र ग्वादीकाचौरको कभर्डहल र खेलमैदानलाई थप व्यवस्थित बनाउँदै लैजाने व्यवस्था गरिने छ।

७७. मुसिकोटमा जन्मेका विशिष्ट व्यक्तित्व (विद्यावारिधि गरेका विद्वान प्रोफेसर, कृति प्रकाशित गरेका श्रष्टा, विशिष्ट कलाकार, उच्च अहोदामा पुगेका राष्ट्रसेवक कर्मचारी, पर्वतारोही लगायत विशिष्ट दाताहरु सहित विशिष्ट व्यक्तित्व) लाई सम्मान गर्ने कार्यक्रम ल्याईनेछ।

७८. मुसिकोट नगरको ऐतिहासिक, पुरातात्विक एवं धार्मिक, आर्थिक, प्राकृतिक, साँस्कृतिक विशेषताहरुको खोजी गरी कृति प्रकाशित गरिनेछ।

७९. शिक्षा क्षेत्रको सर्बत्तोमुखी विकास एवं शैक्षिक गुणस्तर सुधारको लागि **"शैक्षिक गुणस्तर विकास कोष"** रहेको छ। शैक्षिक गुणस्तर विकास कोष मार्फत शिक्षक दरबन्दी न्यून तर विद्यार्थी संख्या अधिक भएर संकटमा रहेका विद्यालयहरुमा स्थानीय समुदाय र अभिभावकहरु माथिको बोझ कम गर्न, संस्थागत विद्यालय ईच्छुक भएमा सामुदायिक विद्यालयमा समायोजन गर्न र शैक्षिक गुणस्तर उकास्न थप स्वयम् सेवक शिक्षकहरु/नगर शिक्षक नियुक्तीका लागि सहयोग गरिनेछ।

८०. समयानुकुलका बैक्षिक सामग्री प्रदान गर्न र सामुदायिक विद्यालयमा निजी श्रोतमा कार्यरत केही शिक्षक तथा स्वयंसेवक शिक्षकहरुको पारिश्रमिकका निम्ति एकमुष्ट सहयोगका लागि शैक्षिक गुणस्तर विकास कोषलाई निरन्तरता दिइने छ।

८१. नगर भित्रका शिक्षकहरुको प्रतिभा पहिचान गरी शिक्षकहरुको क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ शिक्षक प्रतिभा पहिचान डबली कार्यक्रमको व्यवस्था गरि प्रोत्साहन गर्ने नीति ल्याइनेछ। साथै विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सूचकमा आधारित मूल्याकंन प्रकृया मार्फत उत्कृष्ट विद्यालय छनौट गरी पुरस्कृत गरिनेछ।

८२. शैक्षिक क्यालेण्डर निर्माण, नगरस्तरीय बाल प्रतिभा पहिचान, युवा लक्षित खेलकुद कार्यक्रम, अनाथ बालबालिका सहयोग, बाल विकास मात्र संचालित विद्यालयहरुको लागि मसलन्द खर्च, विद्यालय अनुगमन जस्ता क्रियाकलापहरु शिक्षा क्षेत्रका हाम्रा प्राथमिताका क्षेत्रहरु हुन्।

**स्वास्थ्य**

८३. स्वास्थ्यकर्मीहरुको वृत्तिविकास, क्षमता अभिबृद्धिमा ध्यान दिइनुका साथै स्वास्थ्य संस्थाहरुलाई आधुनिक र पूर्वाधारयुक्त बनाइने छ। वामीटक्सार स्वास्थ्य चौकीमा १५ शैयाको आधारभुत अस्पताल भवन बनिरहेको सन्दर्भमा आकस्मिक सेवा सहितको जनताको आवश्यकता अनुरुप अस्पताल सञ्चालन गर्ने व्यवस्था मिलाईने छ। **"जिरो होम डेलिभरी"** स्थानीय तह घोषणाको लागि आवश्यक मापदण्डलाई प्राथमिकतामा राखि सोही अनुरुप कार्यक्रम संचालन गरिनेछ।

शिवलाल घरेल जोशी
प्रमुख

८४. नेपाल संघीय संरचनामा प्रवेश गरीसकेको अवस्थामा स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सबैको पहुंचमा पुऱ्याउनु स्थानीय सरकारको मुख्य दायित्व हो। तसर्थ नगरपालिकाले यस क्षेत्रका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अपाङ्ग सबैलाई आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गराई सबै लिङ्ग, क्षेत्र, आर्थिक रुपले विपन्न, शारीरिक अशक्तलाई स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन घुम्ती स्वास्थ्य सेवालाई थप व्यवस्थित र गुणस्तरीय बनाइनेछ।

८५. २० बर्ष भन्दा कम उमेरमा विवाह गरि गर्भवती हुने दरलाई निरुत्साहित गरि प्रजनन् तथा पोषण स्वास्थ्यको सुदृढीकरणको लागि **"विद्यालय साथी शिक्षा कार्यक्रम"** संचालन गरिनेछ। स्वास्थ्य संस्थाहरुलाई **"किशोर किशोरी मैत्री स्वास्थ्य संस्था"**को रुपमा स्तरउन्नति गरिनेछ।

८६. संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा महिलाहरुमा प्रमुख समस्याको रुपमा रहेको पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान संचालन गरिनेछ, साथै २ बर्ष मुनिका बालबालिकाहरुलाई नियमितरुपमा खोप सेवा प्रदान गरि **"पूर्णखोपयुक्त नगरपालिका"** सुनिश्चित गरिनेछ।

८७. प्राकृतिक चिकित्सा पद्दतिलाई प्रवर्द्धन गर्न व्यवसायिक जडीबुटी खेतीलाई प्रोत्साहन गरि सो को पहिचान र प्रयोगमा विशेष जोड दिईने नीति लिइने छ। साथै नगरपालिकाको केन्द्रमा निर्माणाधिन आयुर्वेद स्वास्थ्य सेवा केन्द्रबाट उपचार सेवा सुचारु गरिने छ।

८८. स्वास्थ्य संस्थाहरुमा औषधीको कमी हुन नदिन सो अनुरुप बजेटको व्यवस्था र आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाइने छ। स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेर आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नागरिकको सेवा सुविधाका निम्ती आवधिक रुपमा चिकित्सक र नियमित रुपमा सहायक चिकित्सकको सेवा सहित **"आधारभूत औषधी उपचार पाउँने जनताको आधारः वस्ती वस्तीमा डाक्टरी सेवा, घर घरमा स्वास्थ्य स्याहार"** कार्यक्रम अझ व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गरिने छ।

८९. मातृ तथा नवशिशु स्वास्थ्य सुदृढीकरणको लागि स्वास्थ्य चौकीहरुमा ग्रामिण अल्ट्रासाउण्ड (भिडियो एक्स रे) सेवाको विस्तार गरिने छ। स्वास्थ्य संस्थामा हुने प्रसुती दरमा बृद्धिको लागि एम्बुलेन्स खर्च तथा पोषण खर्च बापत रकम उपलब्ध गराईनेछ। साथै जटिलता भई प्रेषण गर्नु पर्ने अवस्थाका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने छ।

९०. पोषण मैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी बनाउन कुपोषण, खोज पडताल तथा अतिशीघ्र कुपोषित बच्चाहरुलाई पुनर्स्थापना केन्द्र सम्म जान आउनको लागि यातायात खर्च उपलब्ध गराईनेछ।

९१. क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम अन्तरगत यस नगरपालिकालाई क्षयरोग मुक्त बनाउन संघ, प्रदेश र यस नगरपालिकाको सहकार्यमा प्रभावकारी कार्यक्रमहरु संचालन गरिनुको साथै प्रयोगशाला सेवालाई गुणस्तरीय तथा व्यवस्थित बनाईने छ।

९२. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराई रहेका मृगदला रोगी, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च बापत मासिक रु. ५ हजारका दरले चौमासिक रुपमा भुक्तानीको व्यवस्था मिलाईने छ।

९३. हाम्रो संस्कृति हाम्रो पहिचान हो। नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिकस्थल, मौलिक संस्कृति, प्राचीन पोखरी, परम्परागत बाजागाजा, नाँच, चाडवाडको संरक्षणलाई प्राथमिकता दिई संस्कृति संरक्षण गरिनेछ।

९४. नगरपालिका भित्रका सबै खानेपानी वितरण प्रणालीमा शुद्धिकरणको आवश्यक प्रवन्ध मिलाईनेछ। खानेपानीको एक घर एक धारा कार्यक्रममा शत प्रतिशत उपलब्धि हासिल गर्ने र सबैमा शुद्ध खानेपानीको पहुँच पुरयाउने लक्ष्यका साथ संघ,प्रदेश या अन्य निकायको सहयोगबाट संचालीत योजनाका उपभोक्ताहरुबाट न्युनतम २५% सहभागीता पछि पनि धारा निर्माण अधुरो रहने स्थितिमा नगरपालिकाको तर्फबाट प्रति धारा /प्रति घर उपभोक्तालाई दक्ष मिस्त्री र सिमेन्ट उपलब्ध गराईने छ।

९५. खानेपानी उपभोक्ताहरुलाई केही प्रतिशत अनुदान दिने नीति कायम गर्दै सामान्य (ग्राभिटी) का उपभोक्ताहरुलाई सामान्य सहुलियत र लिफ्टिङ्ग (विद्युत) संचालित योजनाका उपभोक्ताहरुलाई विशेष सहुलियत दिनेगरी अनुदानको व्यवस्था

शिवलाल खरेल

गरिनेछ। साथै विगतका आ .व. हरुमा खानेपानी महशुलमा दिइने छुटलाई उपभोक्ता समिति मार्फत प्रदान गरिँदै आएकोमा आगामी आ . व. देखि उक्त छुट महशुल सोझै लाभग्राहीले प्राप्त गर्ने गरी आवश्यक प्रवन्ध मिलाईनेछ।

९६. नगरपालिकाको केन्द्र वामीटक्सार आउन जान प्रत्येक वडाका नागरिकहरुलाई सहज हुनेगरी नगर यातायात सेवा सुरु गर्न निजी क्षेत्रका यातायात व्यवसायी लगायतका सरोकारवालासँग साझेदारी गर्ने गरी प्रकृया थालिएको छ।

९७. घरेलु हिंसा, छुवाछुत लगायतका सामाजिक हिंसा र विभेद रहित लैंगिक समतायुक्त नगरपालिका बनाउन अभियानहरु चलाईनेछ । बालमैत्री, वातावरणमैत्री एवम् अपाङ्गतामैत्री समाज तथा पूर्वाधार निर्माणको लक्ष सहितको कार्यक्रम अगाडि बढाइनेछ।

९८. पुराना कला, साहित्य र संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्न विशेष सांस्कृतिक महोत्सव तथा मेलाहरुको आयोजना तथा प्रवर्धन गर्ने कार्यलाई निरन्तरता दिइने छ । ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक, भेषभुषा, जिविकोपार्जन, उत्पादनमा प्रयोग हुने औजार/समाग्रीहरु आदि झल्किने गरी विस्तृत बस्तु चित्र सहितको वृत्तचित्र बनाउने कार्यक्रमलाई प्राथमिकता दिइने छ । विभिन्न जात जातिहरुसँग सम्बन्धित रितिरिवाज तथा परम्परा बमोजिमका लोक गीत, झ्याउरे गीत, भजन, घाटु, सराय, भैलो, नौमती बाजा, कौरा, सोरठी, घ्याम्पे नाँच, लाखेजात्रा, जात्रा आदिको संरक्षण तथा प्रवर्धन गरिने छ । यसको निम्ती **"आदिवासी/ जनजाती तथा दलित लक्षित परम्परागत सिप तथा संस्कृति संरक्षण कार्यक्रम"** महिला तथा बालबालिका लक्षित कार्यक्रम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम आदी विभिन्न कार्यक्रम संचालनका लागि प्रोत्साहन गरिने छ। आदीवासी जनजाती सहितका विविध जातीय/सास्कृतिक पहिचान प्रदर्शन/ अवलोकन गर्न संग्रहालय निर्माणका निम्ती अध्ययन गरिने छ।

९९. परम्परागत पेशा अपनाइ रहेका फलामका औजार बनाउने /मर्मत गर्ने आरन सञ्चालक, छालाका जुत्ता-चप्पल-झोला बनाउने-मर्मत गर्ने र सारङ्गी वादन-गायन पेशामा कार्यरत विभिन्न समुदायका शिल्प व्यावसायीलाई सम्मान र नीजहरुको क्षमता विकासको प्रवन्ध मिलाईने छ।

१००. अपाङ्गता भएका व्यक्तिको लागि सामाग्री उपलब्ध गराउने कार्यलाई आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ । समाजमा जेष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जिउने वातावरण सिर्जना गरिनेछ। नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाई लागु गरिने छ। अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापनका लागि आवश्यकताका आधारमा सीपमूलक तालिम संचालन तथा सशक्तिकरण गर्ने नीति लिइने छ। अपाङ्गता भएका व्यक्तिले संचालन गर्ने व्यवसायलाई अनुदान दिने, सुलभ ऋणको लागि सिफारिस गर्ने जस्ता कार्य गरिनेछ।

१०१. लक्षित समूदायका बिषय सम्बोधन गर्न नगरस्तरिय सञ्जाल बनाउने र समाज कल्याण समन्वय केन्द्र स्थापना गरी अति निम्न अवस्थाका समूदाय उत्थानका कार्यहरु संचालन गरिनेछ।

१०२. नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आय आर्जनमा बृद्धि गर्न, लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा विरुद्धको कानूनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिन, महिलाहरुको क्षमता अभिबृद्धिका लागि सीपमूलक, चेतनामूलक कार्यक्रम संचालन गर्न, विकास अभियानलाई माग र आवश्यकता अनुरुप गराउन सबै वडाहरुमा टोल विकास समितिलाई सकृय बनाइनेछ । आवश्यकताको आधारमा टोल विकास समिति गठन तथा परिचालन गरिनेछ। आदिवासी जनजातिहरुको भाषा संस्कृति र भेषभुषा सम्बन्धी सशक्तिकरण कार्यक्रम संचालन गरिने छ।

१०३. नगरपालिकाले खर्च व्यहोर्ने कुनै पनि तालिम कार्यक्रममा तालिम संचालकले सहभागीहरु मध्ये (५%) सहभागी अपाङ्गता भएका व्यक्तिहरुबाट आरक्षित हुनेगरि तालिममा आरक्षणको व्यवस्था गरिनेछ।

१०४. असहाय अवस्थामा रहेका अनाथ बालबालिका,जेष्ठ नागरिक, अपाङ्गता भएका लगायत सामाजिक संरक्षण तथा सुरक्षा आवश्यक रहेकाहरुका लागि शिक्षा-दीक्षा, मनोरञ्जन, हेरचाह र शीपयुक्त कार्यक्रम सहितको आश्रय स्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ । साथै अति गरिबी या विपदको कारण घर, आवास, शौचालय व्यवस्थित गर्न नसकेका नागरिकहरुलाई सहयोग दिन र घरबार विहीन बनेकालाई आवास निर्माणमा टेवा पुऱ्याउन आ.व २०८०।०८१

शिवलाल खरेल जीवन
प्रमुख

देखि संचालनमा रहेको **"विपद र गरिबीमा हाम्रो नगरको भरः आवास क्षेत्र र शौचालय सुधार, घर नभएकालाई घर"** कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१०५. मुसिकोट नगरपालिका भित्र रहनु भएका ज्येष्ठ नागरिकहरु हाम्रो समाजको पूरातात्विक, सामाजिक, सास्कृतिक महत्वका विषयहरु बारेमा ज्ञान भएका जिवित संग्रालयको रुपमा रहनु भएको हुनाले यस्ता व्यक्तिहरुको सम्मान तथा प्रोत्साहन गरिनेछ ।

१०६. मुसिकोट नगरपालिकाभित्र रहेका आफ्नो हेरचाह आफै गर्न नसक्ने अति अशक्त व्यक्तिहरुको हेरचाहमा संलग्न व्यक्तिहरुलाई सो गरेबापत प्रोत्साहन गर्न सहयोग रकम उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०७. महिला, बालबालिका, ज्येष्ठ नागरिक लगायत हिंसा पीडितहरुको तत्काल उद्धार र आवश्यक उपचारका लागि नगरपालिकामा सम्पर्क व्यक्तिसहितको HOTLINE टेलिफोन सम्पर्क स्थापनाका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१०८. बाल विवाह अन्त्य गर्नका लागि नेपालमा विभिन्न अभियान तथा रणनीतिहरु भईरहेका छन यस्ता नीतिहरुलाई प्राथमिकता दिंदै लुम्बिनी प्रदेशले पनि बाल विवाह अन्त्य गर्नका लागी आ.व. २०७८/७९-२०८८/८९ सम्म बाल विवाह अन्त्य गर्ने दशवर्षे रणनीति लिएको हुँदा सो नीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नका निमित्त मुसिकोट नगरपालिकालाई बाल विवाह मुक्त बनाउने उद्देश्यले बाल विवाह अन्यका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

१०९. मुसिकोट नगरपालिका भित्र रहेका एकल तथा अनाथ बाल बालिकाहरुको बाल अधिकारलाई ध्यान दिंदै उनीहरुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

११०. नदी किनाराका कुमाल वस्ती, लेक–बेसी क्षेत्रका मगर वस्ती, गुरुङ्ग वस्ती, स्थानीय बजार क्षेत्रका नेवार वस्ती र यत्रतत्र रहेका ब्राहमण, क्षेत्री, ठकुरी, दशनामी, दलित समुदाय समेतको मिश्रित जनसंख्या, तीनका विभिन्न थर र उपजातीले सिंगारिएको मुसिकोट नगरपालिका भित्र तत् तत् चाडपर्व रीतिरिवाज, भेषभुषा र साँस्कृतिक चालचलन संरक्षित छन् । मारुनी, सोरठी, घाटु, झाम्रे, लाखे, दोहोरी, भजन, किर्तन र सरायँसहितका विविध नांचगानले रङ्गीन हाम्रो समाज साँस्कृतिक सम्पदाले पनि धनी छ । सालिमे आश्रम, छत्रभुमी, देउराली, मालिका, इष्मालीथान, अकलादेवी, थुम देउराली, वामीकोट, पँधेरा शिवालय, राधाकृष्ण मन्दिर, ब्रह्म कुमारी आश्रम र सिद्धेश्वर/ कोटेश्वर गुफा, पालुदेव जस्ता यहाँका स्थानीय तिर्थस्थलहरुलाई लक्षित गर्दै र विविध धर्मावलम्वीका मठ–मन्दिर, गुम्बा, मार्फत हुने पुजा–प्रार्थना र रहनसहनलाई एकताबद्ध बनाई सांस्कृतिक विकासका विविध क्रियाकलापहरुलाई प्रबर्धन गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसको निम्ती विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

### भौतिक पूर्वाधार विकास

नगर क्षेत्रको समग्र विकास तथा सेवा प्रवाहमा पूर्वाधार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पूर्वाधारको विकासबाट नागरिकहरूमा अन्तर आवद्धता विस्तार भई आवागमन, बजार, सेवा सुविधामा सहज पहुँच विस्तार भइ विकास नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ ।

१११. दिगो विकासको लक्ष्य अनुरुप विकास र वातावरणलाई तादम्य(ता) कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाईने छ । यस नगरपालिकाको सडक सञ्जाल ब्यापक विस्तार भईसकेको सन्दर्भमा सो को स्तरोन्नति गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै नगरपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिईने छ । **"हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिवद्धता"**को नीति अनुरुप नगरपालिका भित्र सडक निर्माण गर्दा सडकको स्तर अनुरुपका नाली पनि अनिवार्य निर्माण गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

११२. आन्तरिक एवम् बाह्य पर्यटकलाई लक्षित गरि नगरपालिका भित्र रहेका प्राकृतिक,धार्मिक र ऐतिहासिक सम्पदाहरुलाई समेटेर पर्यटन सर्किट बनाई आवश्यक गतिविधिहरु अगाडि बढाइनेछ ।

११३. विकासका सबै आयामहरुले समेटिएको दिगो विकासका लक्ष्यहरुतर्फ केन्द्रित रही गतिविधिहरु अगाडी बढाइने छ । पर्यटन गुरु योजना र सहिद स्मारक निर्माणको DPR तयार पारी सो को निचोड बमोजिम केही पर्यटकीय गन्तव्यमा

आकर्षक निर्माणका कार्यको प्रकृया शुरु गरिनेछ । सडकको सुरक्षा र सौन्दर्य वढाउने गरी सडक तथा यातायातको गुरु योजना निर्माण र मापदण्ड तयार गरी केही नयाँ कार्य थालनी गरिनेछ ।

११४. पूर्वाधार विकासमा जनताको प्रत्यक्ष सहभागीता गराई विकासमा जनताको अपनत्व प्रत्याभूती गराउन लागत सहभागीता, विकास निर्माणमा साझेदारी तथा अनिवार्य श्रमदानलाई प्राथमिकता दिइनेछ । गत आ.व. देखि संचालनमा ल्याइएको **"सामुदायिक विकासमा समुदायसित साझेदारी"** कार्यक्रमलाई निरन्तरता दिइनेछ । मालिका क्षेत्रमा समुदायसँग साझेदारी कार्यक्रम अन्तर्गत निर्माणाधिन बौद्ध शान्ति स्तुप निर्माण कार्यमा गर्दै आएको साझेदारीलाई निरन्तरता दिइने छ ।

११५. मुसिकोट नगरपालिकाका सबै वस्तीहरुलाई सडक सन्जालले जोड्ने परिकल्पना गरिए अनुसार नगरपालिकाका वडा नं १, २, ३ र ४ समेट्ने भन्ज्याङ-हांडीखोला-पौंदी अमराइ राक्से सडक स्तरोन्नति तथा दोभान अरेवा लिलिङ कृषि सडकको लागि संघीय सरकारसँगको साझेदारीबाट सडक स्तरोन्नतिको कार्य भईरहेकोमा आ.ब.२०८१/८२ मा पनि संघीय सरकारको साझेदारीमा सडक स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ । वडा नं. ५,६,८ र ९ समेट्ने खर्वाङ – धुमी – मालीका – स्वांरा – मालारानी जोड्ने मोटरबाटो ट्याक खोल्ने बाँकी काम सम्पन्न गरी सडक स्तरोन्नतिको लागि विशेष पहल गरिने छ ।

११६. वामीटक्सारको केन्द्रमा रहेको स्मार्ट पार्कमा बुद्धको मूर्ती स्थापना गरी पार्कको सौन्दर्य अभिबृद्धि गरिनेछ ।

११७. नगरपालिका क्षेत्र भित्र संचालन हुने यात्रुवाहक सवारी साधन र अन्य सवारी साधनहरुको नियमित र व्यवस्थित सञ्चालनका लागि आवश्यक पहल गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम, निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम, सडक बोर्ड नेपालसँगको साझेदारी र नगरपालिकाको आफ्नै श्रोत परिचालन गरि नगरपालिका भित्रका सडक सञ्जाललाई बाह्रै महिना सवारी चल्ने गरि नियमित र व्यवस्थित गरिने छ ।

११८. वातावरणीय प्रभावहरुको मूल्याङ्कन गरी सडकहरुलाई प्राथमिकताका आधारमा स्तरोन्नति गर्दै लगिने छ । सडकको स्तरोन्नतिका लागि सम्बद्ध सबै निकायसँग समन्वय गरिने छ । आवश्यक स्थानमा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइने छ । नगरपालिका क्षेत्रभित्रका भित्रि बाटोहरुमा नालीको व्यवस्था गरी बर्षायाममा समेत ग्रामीण यातायातको सुनिश्चितता गरिने कामलाई मर्मत संभार कोष मार्फत प्राथमिकता दिइने छ ।

११९. पूर्वाधार विकासका काममा र निर्मित सार्वजनिक सम्पत्तीको संरक्षण गर्न युवा र महिलाहरुलाई कामका लागि पारिश्रमिकमा आधारित कार्यक्रम सञ्चालन गरिने छ ।

१२०. नगरपालिका क्षेत्र भित्र निर्माण हुने आवासीय तथा व्यवसायिक भवनलाई व्यवस्थित गर्न निर्माणपूर्व नै घर/नक्शा पास गर्नु पर्ने कार्यलाई अनिवार्य गरिनेछ र निर्माण सम्पन्न भईसकेका आवासीय तथा व्यवसायिक भवनको पूर्ण घर/नक्सा अभिलेखलाई अभियानको रुपमा अगाडी बढाइनेछ ।

१२१. परिणाममूखी विकासको लागि योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्याङ्कन विधिलाई चुस्त र नतिजामूखी बनाईने छ र अनुगमनको पनि अनुगमन गर्ने महत्वपूर्ण कामलाई नियमित गरिने छ ।

१२२. निर्मित सार्वजनिक सम्पत्तिको सुरक्षा र मर्मत संभारको लागि मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापनलाई निरन्तरता दिइने छ ।

१२३. नगरपालिका भित्र सार्वजनिक पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री तथा वातावरण मैत्री संरचना निर्माणमा जोड दिने विषयलाई निरन्तरता दिई कार्यान्वयन गरिने छ । विकास आयोजना संचालन गर्दा समय, लागत र गुणस्तरको ख्याल गरि अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाइने छ ।

१२४. नगरपालिकाको आफ्नै स्वामित्वमा रहेको प्रशासकीय भवनको निर्माण सम्पन्न भई सेवा प्रवाह समेत भईसकेकोले सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सबै शाखा र कार्यकक्षहरुलाई सेवाग्राहीमैत्री र अपाङ्गतामैत्री बनाइनेछ । भवन परिसरको थप सौन्दर्यकरण गरि वातावरणमैत्री सेवा प्रदायक कार्यालयको नमुनाको रुपमा विकास गरिनेछ ।

१२५. योजनाहरुलाई प्राथमिकिकरण गरि प्रभावकारी कार्यन्वयनका लागि आयोजना बैंक बनाउन वस्ती/टोलस्तरबाट आयोजना एवम् कार्यक्रम संकलन गर्ने कार्यको सुरुवात भई सकेकोछ । हाम्रो प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य र राष्ट्रिय

शिवलाल खरेल क्षेत्री
प्रमुख

दीर्घकालिन सोच समेतलाई  समेटेर आ.ब.२०८१/०८२ मा नगरपालिकाको आयोजना बैक पूर्णरुपमा तयार भई अनुमानयोग्य विकासको प्रारम्भ हुनेछ ।

१२६. आयोजनाहरुको प्रभावकारिता र दिगो विकासलाई मध्यनजर गर्दै नगरपालिका तथा संघ एवं प्रादेशिक कार्यालयहरुबाट समेत कार्यान्वयन हुने योजनाहरुको सघन अनुगमन गर्ने कार्यलाई नियमित गरिनेछ ।

१२७. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुमा महिला सहभागिताको प्रत्याभूती गर्न महिलाहरुको मात्र सहभागितामा गठित उपभोक्ता समितिहरु मार्फत कार्यान्वयन हुने योजनाहरुको कार्यसम्पादन मूल्यांकन गरी त्यस्ता समितिहरुलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रम बनाई लागू गरिनेछ ।

१२८. पहिचानको रुपमा नगरपालिकाको केन्द्र र अन्य वडाहरुमा आवश्यकता पहिचान गरी विभिन्न प्रयोजनको लागि जग्गा प्राप्ती गर्न विशेष पहल गरिनेछ । वामीटक्सारको स्मार्ट पार्क, जेष्ठ नागरिक विश्राम तथा मनोरञ्जन पार्क, उद्योगग्राम, ग्वादिकाचौर खेलमैदान/प्रस्तावित रङ्गशाला, डम्पिङ साइट र फोहोर संकलन केन्द्र, वडास्तरमा नमुना बगैंचा, संरक्षण पोखरी, प्रतिक्षालय र मनोरञ्जन पार्क निर्माणको काम मुसिकोटका प्राथमिकताका बिषयहरु हुन् । श्रोत साधनको लागि संघीय सरकार एवं प्रदेश सरकारसँग विशेष पहल गरिने छ ।

१२९. नगरपालिका भित्र रहेका सबै पर्यटकीयस्थलहरुको पहिचान, संरक्षण तथा निर्माण कार्यलाई प्राथमिकता दिइने छ । पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्नको लागि पर्यटनसँग सम्बन्धित सूचना, संचार तथा प्रचार प्रसार गरिने छ । मुसिकोट दरबार, सालिमेदह, वामीकोट, मालिका क्षेत्र, छत्रभूमी, शहिदपार्क, शिद्धेश्वर-कोटेश्वर गुफा, थुम लालिगुराँस पार्क, स्मालीथान पार्क, हिले, मठ मन्दिर, स्मार्ट मनोरञ्जन पार्क, जेष्ठ नागरिक पार्क, कृषि पकेट क्षेत्र, होमस्टे आदिको निर्माण र संरक्षण गर्दै पर्यटकीय सर्किट निर्माण गर्दै अगाडी बढ्नको लागि संघ र प्रदेश सरकार समेतको लागत साझेदारीका लागि आवश्यक पहल गरिने छ । बहुउपयोगी जलविहारलाई केन्द्रमा राखी पर्यटकीय गुरु योजना निर्माण गरिनेछ ।

१३०. परम्परागत कृषि व्यवसायलाई व्यावसायिक र आधुनिकिकरण गर्न सिंचाईलाई उच्च प्राथमिकता दिइनेछ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने  सिंचाई योजनाहरुको हाल कायम  २५ प्रतिशत जनसहभागितालाई निरन्तरता दिइनेछ ।

१३१. नगरपालिका भित्रका सार्वजनिक, पर्ति तथा सरकारी सामुदायिक स्वामित्वका जग्गा अभिलेखिकरणलाई अभियानको रुपमा लगिनेछ ।  नगरपालिका भित्रका सार्वजनिक, पर्ति तथा सरकारी सामुदायिक स्वामित्वका जग्गा अतिक्रमण नभए/नभएको यकिन गरि संरक्षणको निम्ति उपयूक्त नीति अवलम्वन गरिने छ ।

१३२. संघीय समपुरक, प्रदेश समपुरक, लागत साझेदारी, विपद् व्यवस्थापन तथा मर्मत संभार कोषको लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ । पूर्वाधार निर्माणको कामलाई थप व्यवस्थित बनाउन र गुणस्तर कायम गर्न प्राविधिक/योजना शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ । गुणस्तर चेकजाँचका लागि आवश्यक प्राविधिक उपकरण तथा ल्याव सामग्रीको व्यवस्था मिलाईनेछ ।

१३३. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि सो कार्यक्रमसँग सहकार्य गर्नका निमित्त उक्त कार्यक्रममा सहभागी हुन यस मुसिकोट नगरपालिका ईच्छुक र प्रतिवद्ध रही सोही बमोजिम साझेदारीको प्रबन्ध मिलाईनेछ । देहाय

- मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरि स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न, स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिकासाधन र विधि , अवलम्बन गर्न र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्न र खर्चको लेखाजोखा SuTRA र लेखा परिक्षण मार्फत गर्न,
- वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको यस स्थानीय तहको तर्फबाट गर्नुपर्ने सह लगानीको हिस्सा विनीयोजन गर्न,
- पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार, परिमार्जन तथा अनुमोदन गर्न,

- स्थानीय पूर्वाधार सम्बन्धि विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमा गर्न ।

१३४. विद्युत आपूर्ति लाई भरपर्दो बनाउन नगरपालिकाको केन्द्र लगायत अन्य वस्तीहरुमा राष्ट्रिय प्रशारण लाईनको विस्तार गरिएको र विस्तार हुन नसकेका अन्य वस्तीहरुमा पनि राष्ट्रिय प्रशारण लाईनको विस्तारको लागि थप पहल गरिनेछ । नगरपालिका भित्र रहेका सम्पूर्ण साना तथा लघु जलविद्युत आयोजनाहरुलाई एकीकृत गर्दै नगरपालिका समेतको लागत साझेदारीमा आयोजना व्यवस्थित गरी राष्ट्रिय ग्रिडमा जोड्न विद्युत प्राधिकरणसँग समन्वय गरी विक्रीको सुनिश्चित गर्ने काम अगाडी बढाउन विशेष पहल गरिने छ । सामुदायिक विद्युतलाई विद्युत प्राधिकरणमा हस्तान्तरण गर्ने नीति लिँदै सामुदायिक विद्युत संचालक तथा उपभोक्ताहरुलाई सोका निम्ति आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१३५. विगत आ.ब.हरुमा नगरपालिकाद्वारा सञ्चालन गरिएको खरका छाना मुक्त कार्यक्रमलाई पूर्णरुपमा सम्पन्न गर्न विशेष अभियान सञ्चालन गरिने छ । हाल नगरपालिका भित्र रहेका खरको छानो भएका घरहरुको पूर्ण तथ्यांक संकलन गरि सुरक्षित नागरिक आवास कार्यक्रम,जनता आवास कार्यक्रम र नगरपालिकाको आफ्नै श्रोत परिचालन मार्फत बाँकी घरहरुलाई खरका छानो मुक्त बनाई खरको छानो मुक्त नगरपालिका घोषणाको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

### वन, वातावरण तथा विपद् व्यवस्थापन

१३६. नेपालको संविधानको अनुसूची–८ मा विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । प्राकृतिक वातावरणमा विश्वव्यापीरूपमा विनाश हुँदै गएका कारण मुसिकोट क्षेत्र पनि प्रभावित भईरहेको सन्दर्भमा यसलाई न्यूनीकरण गर्न प्रभावकारी वन, वातावरण तथा विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्नु समयको माग भएको छ ।

१३७. दिगो विकासका १७ वटा लक्ष्यमध्ये १० वटा र ६९ वटा मुख्य सूचकमध्ये २५ वटा सूचक विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग प्रत्यक्ष र अप्रत्यक्ष रूपले सम्बन्धित रहेको अवस्थामा उत्थानशील विकासलाई जोड दिई विपद् न्यूनीकरणलाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।

१३८. बडिगाड नदीको पूर्व पश्चिम गरी दुई दिशामा फैलिएको मुसिकोट नगरपालिका, निस्ती, छल्दी र दरम सहितका सदाबहार खोलानाला-नदी र वनजंगल यहाँका पहिचान हुन् । मुसिकोट नगरपालिकामा प्रसस्तै मात्रामा जल सम्पदा रहेकोले नगरको समृद्धिका लागि हामीसँग भएको जल सम्पदाको अधिक उपयोग गर्दै जलविद्युत, पर्यटन तथा पर्यावरणीय विकास र ठूला सिँचाई परियोजना निर्माणका लागि आवस्यक योजना निर्माण गरि कार्यान्वयनमा लैजान आवश्यक छ ।

१३९. नदीहरुको वैज्ञानिक उत्खनन् गरी संकलित नदिजन्य पदार्थको उपयोग गर्न समयमै ठेक्का वन्दोवस्त र राजश्व असुलिमा विशेष ध्यान दिइनेछ ।

१४०. उज्यालो नगरपालिका बनाउनका लागि वैकल्पिक उर्जाको माध्यमबाट सौर्य उर्जा लगायतका प्रविधि उपयोगमा ल्याई वैकल्पिक उर्जा प्रबर्धन केन्द्रसँग समन्वय गरी सार्वजनिक स्थलमा र विद्युत पहुँच छुटेका र आपतकालिन अँध्यारोमा भएका घर/वस्तीमा सेवा पुर्याउन नीति ल्याईनेछ । जलवायु परिवर्तनका असर न्यूनीकरण गर्ने उद्देश्यका साथ जलवायु अनुकुलन कार्ययोजना तयार गरिनेछ ।

१४१. वातावरण संरक्षणमा कृयाशिल सामाजिक व्यक्तित्व, संस्था वा समूहको श्रम सहयोगमा वृक्षारोपण, वन नर्सरी, पदमार्ग, पोखरी तथा चौतारी निर्माण तथा भू–संरक्षणका लागि विशेष व्यवस्था गरीने छ । वनजंगल, जलाधार क्षेत्रको उचित संरक्षण गर्न ती क्षेत्रको अतिक्रमण रोक्नुका साथै अवैध निकासी पैठारी नियन्त्रणका कार्यक्रम संञ्चालन गरिने छ । सार्वजनिक महत्वका पोखरी निर्माण र संरक्षण, नदी–खोला तटबन्ध र भल व्यवस्थापन, चौपारी निर्माण, बाटीका निर्माण र भू-संरक्षण, चौपारी निर्माण र बृक्षारोपण गर्ने समुदाय, संस्था, समूह (व्यक्तिसमेत) लाई आवश्यक निर्माण सामाग्री दक्ष मिस्त्री तथा प्राविधिकको सेवा उपलब्ध गराई वातावण संरक्षण तथा स्वच्छ वातावरण निर्माणमा साझेदारी मार्फत सहयोग गर्ने नीति अवलम्वन गरिने छ ।

१४२. विपद्को समयमा तत्काल राहत, उद्धार लगायतका कार्य गर्नका लागि स्वयंसेवक परिचालन गर्नुका साथै आवश्यक औजार, उपकरण तथा राहत सामग्री तयारी अवस्थामा राखिनेछ । मनसूनपूर्व तथा मनसूनजन्य विपद्को पूर्वानुमान गरी रोकथामको लागि आवश्यक कार्य गरिनेछ ।

१४३. विभिन्न गतिविधिहरु जस्तैः वृक्षारोपण अभियान (Bio-Engineering), पोखरी/चौपारी निर्माण, वन उपभोक्तासँगको साझेदारीमा डढेलो नियन्त्रण, फोहोरमैला व्यवस्थापन, चट्याङ प्रतिरोधी उपकरण जडान लगायतका गतिविधिको कार्यान्वयन गर्न आवश्यक कार्यक्रम तय गरिने छ ।

१४४. भू-क्षयबाट अति प्रभावित क्षेत्रको पहिचान सहित सो नियन्त्रणको लागि नगरपालिकाको आफ्नै पहल एवं संघ र प्रदेश सरकारसँगको सहकार्यमा कार्यक्रम अगाडि बढाइने छ । यसको लागि आवश्यक तार/जाली, ह्युमपाइप तथा पोलीपाइप खरिदको आवश्यक व्यवस्था मिलाईने छ । जोखिम क्षेत्रहरुको पहिचान गरी बायो इन्जिनियरिङ प्रविधि मार्फत भू-क्षय रोक्ने कार्यमा विशेष पहल गरिने छ ।

हरेक वर्ष आगलागी जन्य घटनाबाट वातावरणीय र मानवीय क्षति बढ्दै गैरहेको अवस्थामा सोको न्यूनीकरण गर्न
१४५. आगलागीको उच्च जोखिममा रहेका क्षेत्रहरुको पहिचान गर्ने, अग्निरेखा निर्माण गर्ने, सचेतनामूलक कार्यक्रम संचालन गर्ने र वातावरणीय र पर्यावरणीय प्रभाव मूल्यांकन गरी उच्च अग्नी संवेदनशील बोटविरुवाहरुको प्रतिस्थापन गरिनेछ ।

विकास र वातावरण वीच सन्तुलन कायम गर्ने नीति लिईने छ । वनको वैज्ञानिक व्यवस्थापन गरी आय बृद्धि
१४६. जिविकोपार्जनमा सुधार, वातावरण संरक्षण गर्दै वनविनाश तथा वन क्षयिकरण न्यून गरिने छ । सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता विकास गरी संस्थागत सुशासनमा जोड दिइने छ । रिचार्ज पोखरी निर्माण, पोखरी, चौपारी निर्माणको लागि प्रोत्साहन जस्ता गतिविधिलाई निरन्तरता दिइने छ ।

विपद् व्यवस्थापनको लागि नगरपालिकामा एक विपद् व्यवस्थापन कोष रहेको र नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी
१४७. आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ । नगरपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अन्तर्गत निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटीसँगको समेत साझेदारीमा खाद्य बैङ्क, लत्ता कपडा बैङ्कको स्थापना, संचालन तथा व्यवस्थापन गरिनेछ ।

विभिन्न खालका महामारी र विपद्सँग जुध्ने श्रोत साधन, जनशक्तिको व्यवस्थापन एवं परिचालन गरिनेछ, यसरी विपद्
१४८. व्यवस्थापनमा परिचालित स्वास्थ्यकर्मी तथा जनशक्तिको मनोवल बृद्धि गर्न संघीय सरकारले तोकेको मापदण्ड भित्र रही उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१४९. विभिन्न प्रजातिका रुख-वनस्पतिका विरुवा उत्पादन गर्न नगरपालिका भित्र एक नर्सरी स्थापना र संचालनका निम्ति सहकार्य/साझेदारी गरिनेछ ।

**न्याय सम्पादन**

१५०. राज्य शक्तिको प्रयोग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मार्फत स्थानीय तहबाट समेत हुने व्यवस्था अनुरुप न्यायिक समितिलाई सक्षम र क्षमतावान बनाइने छ ।

१५१. संविधानद्वारा प्रदत्त अधिकारका सूचिमा उल्लेखित विषयवस्तुहरुमा थप कानून निर्माण गरी उपलब्ध स्रोत साधनलाई मध्यनजर गर्दै कार्यान्वयन गर्ने नीति अख्तियार गरिने छ ।

न्याय सम्पादन तथा मेलमिलापलाई उच्च प्राथमिकतामा राखी प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन र मेलमिलाप
१५२. कर्तालाई तालिम दिइ न्यायलाई छिटोछरितो बनाउने कार्यमा नगरपालिका अग्रसर रहेको कुरा नगरवासीले अनुभूत गर्ने छन् । यसको प्रतिफल स्वरुप न्यून उजुरी संख्या र उच्च फछ्र्यौटले न्यायिक क्षेत्र सन्तोषजनक रहेको अनुभूत गर्न सकिने छ । मेलमिलापकर्ता पारिश्रमिक साथै न्यायिक कार्य सम्पादन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ । न्यायिक समितिमा पर्न आएका उजुरीहरु अत्यधिक फछ्र्यौट हुनेगरी न्यायिक समितिको कामलाई अझ प्रभावकारी बनाईने छ । समाजमा व्याप्त महिला हिंसालाई रोक्न, सामाजिक अभियान सञ्चालन गर्न, समाजमा दबिएर रहेका हिंसा जन्य गतिविधि

रोक्न न्यायिक समितिलाई आवश्यक स्रोतको व्यवस्था गरी सरकारी र गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय समेत गरिने छ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन,**

१५३. घुम्ती सेवाको अवधारणा बमोजिम जनतामा पुऱ्याइने सेवालाई एकिकृत रुपमा संचालन गर्ने प्रक्रियाको लागि आवश्यक व्यवस्था गरिने छ। नेपाल सरकारको आ.व. ०८१/०८२ देखि सूचना प्रविधि दशक मनाउने राष्ट्रिय रणनिती अनुरुप यस नगरपालिकाले पनि सार्वजनिक प्रशासनलाई सूचना प्रविधिमैत्री बनाई विद्युतीय शासनको अवधारणालाई आत्मसाथ गरिनेछ।

१५४. वडा कार्यालय (वडाका केन्द्र) देखि टाढा रहेका र घना वस्ती भएका क्षेत्रमा आवधिक रुपमा वडाका सेवा पुर्याउन सेवा-केन्द्र संचालन गरिनेछ। सम्भावित वडाहरुमा यसै वर्षबाट यो सेवाको थालनी गरिनेछ।

१५५. कार्यालयमा डिजिटल नेपाल फ्रेमवर्क २०७६ को प्रभावकारी कार्यान्वनमा जोड दिई कागजी कामलाई कम गर्ने प्रयास हाम्रो रहने छ। बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता र वैकल्पिक उपायहरू अवलम्वन गर्न जरुरी छ। पारदर्शिता र जवाफदेहीता जस्ता सुशासनका मूलभूत पक्षहरुलाई ध्यान दिंदै सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी तथा नतिजा मुखी बनाइनेछ। सेवाग्रहीको आवश्यकतालाई मध्यनजर गर्दै सेवाग्रहीले प्राप्त गर्न खोजेको सेवाका सम्बन्धमा आवश्यक कागजपत्र दस्तुर तथा सेवा लिन प्रयोग गर्नुपर्ने सम्पूर्ण जानकारी प्राप्त गर्न कार्यालयमा **अपाङ्गतामैत्री डिजिटल नागरिक बडापत्र** संचालनमा ल्याइनेछ।

१५६. विद्यमान आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा आवश्यक परिमार्जन एवं संशोधन गरी वार्षिक योजना तर्जुमाका क्रममा दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण र आन्तरिकीकरणमा जोड दिंदै आवधिक योजना र मध्यमकालीन खर्च संरचनालाई वस्तुनिष्ठ र प्रभावकारी बनाइनेछ।

१५७. नगरपालिकाबाट गरिने सम्पूर्ण क्रियाकलापहरु जस्तै जनहितका लागि सन्देश, प्रगति विवरण, बुलेटिन, नीति तथा कार्यक्रम, नगरकार्यपालिका, नगरसभाको बैठकबाट गरिने निर्णय, नगरपालिकाद्वारा प्रशारित कार्यक्रमहरु, स्थानीय सामुदायिक रेडियो तथा आम सञ्चारकर्मीहरुसँग समन्वय गर्दै सूचना प्रवाह छिटोछरितो र पारदर्शी रुपमा गरिने छ। स्थानीयस्तरमा संचालित सूचना तथा संचारका माध्यम रेडियो, पत्रिका, अनलाईन पत्रिकालाई सूचिकृत गर्ने र प्रोत्साहन गर्ने नीति लिइने छ।

१५८. स्थानीय शासन पद्दतिलाई सुदृढगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्थालाई कार्यान्वयनमा जोड दिईने छ। कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी समयमै सामान आपुर्ति र निर्माण कार्य सम्पन्न गर्न विशेष प्राथमिकता दिईने छ। सार्वजनिक खरिद प्रक्रियामा सुधारको लागि आवश्यक कानून निर्माण गरी सरलीकरण प्रक्रिया अवलम्बन गरिनेछ।

१५९. **"सेवाको वरीपरी जनता होईन, जनताको वरिपरि सेवा"**भन्ने भावनालाई निरन्तरता दिंदै जनताको नजिकको सरकारको नाताले सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो, नागरिक मैत्री बनाई सुशासनको प्रत्यक्ष अनुभूति दिलाईने छ। घरदैलोको सरकारको नाताले सेवाग्राहीका गुनासा तथा सुझावहरु सम्बन्धित नजिकको पदाधिकारी समक्ष सोझै पठाउन/पुग्न सक्ने व्यवस्था मिलाईने छ।

१६०. आजको युग सूचनाको युग हो। हाम्रा गतिबिधिहरु बारे नागरिकलाई शीघ्रातिशीघ्र सूचना प्रदान गर्न नगरपालिकाको वेवसाइट नियमित अपडेट गरी सूचना सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ। साथै नगरपालिकाको सेवा प्रवाह, कानून निर्माण र विकास गतिविधिहरुलाई श्रव्यदृष्य सामग्री उत्पादन गरी प्रशारणको व्यवस्था मिलाईनेछ। सूचना प्रविधिमा आधारित आर्थिक प्रशासन मार्फत सार्वजनिक लेखालाई थप पारदर्शी नतिजामुखी बनाइनेछ।

१६१. डिजिटल नेपाल फ्रेमवर्कको अवधारणा अनुरुप सुरुवाती चरणमा परिक्षणको रुपमा नगर भित्रका केही स्थानहरुमा फ्रि वाईफाई जोन स्थापना गरिनेछ। सोको प्रभावकारीता यकिन गरी यस कार्यलाई थप विस्तार गर्दै लगिनेछ।

१६२. नगरपालिकाद्वारा निर्मित सम्पूर्ण कानूनहरु स्थानीय राजपत्रमा प्रकाशनगर्ने कार्यलाई निरन्तरता दिईने छ।

१६३. मुसिकोट नगरपालिका भित्र कार्यक्षेत्र वा कार्यालय राखी सञ्चालन भएका संचार माध्यमहरुलाई सूचीकृत गरी अभिलेखिकरण गर्ने व्यवस्था गरिनेछ । साथै नगरपालिका भित्रका अशक्त, असहाय र विपदमा परेका व्यक्तिहरुको उपचार, उद्धार र पुनर्स्थापना लगायतका व्यवस्थापनको लागि विभिन्न माध्यमबाट राहत र आर्थिक सहायता संकलन तथा वितरण गर्ने व्यक्ति तथा संस्थाहरुलाई आम्दानी र खर्चको विवरण सार्वजनिक गर्नुपर्ने र सोको विवरण नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

१६४. नगरपालिकाको प्रोफाइल अद्यावधिक गरी डिजिटल प्रोफाइल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

१६५. नगरपालिका कार्यालय र वडा कार्यालयबाट प्रदान गरिने सेवा सरल, छिटो छरितो र अनुमानयोग्य बनाउने साथै सूचना प्रविधिको प्रयोगलाई जोड दिंदै मानव संसाधन विकासको निमित्त जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गर्न आवश्यक कार्यक्रम ल्याइने छ । सीमित जनशक्ति र कार्यसम्पादनलाई मध्यनजर गरी राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राखी कार्यसम्पादनमा प्रभावकारीता ल्याउन कर्मचारीहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । कर्मचारीको क्षमता विकास गर्न नगरपालिकाको आफ्नै श्रोतबाट क्षमता विकास तालिम लगायत अन्य संघ एवं प्रदेश सरकार एवं तालिम केन्द्रहरुबाट आयोजना हुने तालिम कार्यक्रमहरुमा सहभागी गराइने छ ।

१६६. सेवा प्रवाहको जग मानिने वडा कार्यालयको भौतिक एवं प्रशासकीय सुदृढिकरणका लागि फर्निचर, मेशीनरी औजार लगायत आवश्यक पूर्वाधारको व्यवस्थापन गरिनुका साथै प्रत्येक वडा कार्यालयमा इ-हाजिरी प्रणाली लागू गरिनेछ । आफ्नै भवन नभएका वडा कार्यालयहरुको भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१६७. सार्वजनिक प्रशासनलाई उत्तरदायि एवं परिणाममूखी बनाउन, कार्यालयको अनुशासन कायम राख्न समयसमयमा आकष्मिक निरीक्षण र नियमित सुपरिवेक्षणको प्रभावकारी व्यवस्था गरिनेछ ।

१६८. नगरभित्रका खानेपानी उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, सहकारी र नगरपालिकामा दर्ता भएका सबै सामाजिक संघ संस्थाहरुले साधारण सभामार्फत पास भएको आय व्ययको वार्षिक विवरण नगरपालिकामा पेश गर्ने व्यवस्थालाई अनिवार्य बनाईनेछ । र उक्त संस्थाहरुको अनुगमनलाई नियमित र प्रभावकारी बनाईनेछ ।

१६९. नगरपालिकाले गर्दै आईरहेको बजार अनुगमन कार्यलाई निरन्तरता दिंदै थप प्रभावकारी बनाईनेछ । साथै उपभोक्ता हितलाई मध्यनजर गर्दै खाद्य गुणस्तर सम्बन्धमा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१७०. नगरपालिकाको नीति, कानून, मापदण्ड, निर्णय कार्यान्वयन, सार्वजनिक सम्पति, नगरको सुरक्षा तथा संरक्षण, विपद् व्यवस्थापनका लागि नगर प्रहरी नियुक्ती कार्य सम्पन्न भएको छ । कार्यरत नगर प्रहरीको क्षमता विकास गर्दै नगर प्रहरीको संख्यामा आवश्यकता बमोजिम थप गरिने छ ।

१७१. सुशासन र संस्थागत विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी आवधिक योजनाले परिलक्षित गरे बमोजिम प्राथमिकताको आधारमा कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

१७२. भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने राष्ट्रिय नीति अनुरुप अनुचित कार्यलाई गम्भीर रुपमा लिई त्यस विरुद्ध स्थानीय सरकार र नागरिक एक भई तदारुकता पूर्वक कदम चाल्दै सदाचार र सुशासन प्रबर्द्धन गरिनेछ । हाम्रा विकासका गतिविधिहरु मध्ये निर्माण व्यवसायीबाट हुने धैरैजसो योजनाहरु अनलाईन बोलपत्र एवं सिलवन्दी दरभाउपत्र माध्यमद्वारा अगाडि बढेकोमा आगामी आ. व.मा यसलाई अझै प्रभावकारी बनाइने छ र विद्युतीय खरिद प्रणालीलाई क्रमश अनिवार्य गर्दै सार्वजनिक खरिद प्रणालीलाई थप पारदर्शी र मितव्ययी बनाइने छ । नगरमा संचालित आयोजनाहरुको बारेमा नागरिकहरुलाई सुसुचित गराउनको लागि आवश्यकता अनुसार सामाजिक परीक्षण, सार्वजनिक परीक्षण गर्नुका साथै नागरिकहरुको आम चासो र गुनासो सम्बोधन गर्नेगरी सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

१७३. नगरपालिका र नगरपालिका अन्तरगतका कार्यालयहरुमा नागरिकले बुझाउनु पर्ने कर तथा शुल्क प्रथम त्रैमासिक भित्र बुझाउन सूचित गरिनेछ । प्रथम त्रैमासिक अवधिको समाप्ती पछि कर दाखिला कार्यलाई सेवाको पूर्व शर्तको रुपमा राखि कर संकलन कार्य प्रभावकारी बनाइनेछ । राजश्वको दायरा विस्तार गरी राजश्व प्रशासनलाई समयानुकुल र सुदृढ गरिनेछ । राजश्व सुधार गर्न विभिन्न नीति अवलम्वन गरी राजश्व प्रशासनलाई सुदृढ गरिनेछ ।

शिवलाल खरेल जीवन

१७४. आर्थिक संकट झेलिरहेको वर्तमान परिस्थितिमा सवारी साधनको प्रयोग, इन्धन, वैठक भत्ता, भ्रमण सुविधा एवं प्रशासनिक खर्चमा मितव्ययीता अपनाइने छ ।

१७५. सार्वजनिक प्रशासनलाई जवाफदेही बनाउनका निम्ति सूचना प्रवाहको अवस्थालाई सुदृढ गर्न निती नियम निर्माण गर्दा सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता, पारदर्शिता कायम गरी स्वातन्त्र र निष्पक्ष रुपमा सूचना सम्प्रेषण संस्कृतिको विकासमा जोड दिइनेछ ।

१७६. सार्वजनिक स्थान तथा सडक सुरक्षा व्यवस्थालाई मध्येनजर गर्दै चालु आ.व.मा सञ्चालित सार्वजनिक स्थान तथा मुख्य सडक र बजार क्षेत्रमा सि.सि.टि.भी. क्यमेरा जडान गर्ने कार्यलाई थप प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।

**अन्त्यमा,**

१७७. गत आ.व.हरुमा कार्यान्वयन भएका योजना र कार्यक्रमहरु सँगसँगै चालु आ.व.को समाप्तिसँगै हाम्रो यस मुसिकोट नगरपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरु तयार भएका छन् । संघ एवं प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानून एवं नगरपालिकाबाट निर्मित कानून बमोजिम सरकार सञ्चालनका महत्वपूर्ण आधारहरु तयार भएका छन । नीति, कार्यक्रम, बजेट एवं योजना तर्जुमा र कार्यान्वयनका हाल सम्मका हाम्रा अभ्यासहरु र निर्मित कानूनहरुको आधारमा समेत आगामी दिनहरु अझ सहज हुने कुरामा विश्वास लिन सकिन्छ ।

१७८. समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैर सरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा बृद्धि हुनेछ ।

१७९. संघीय संरचना पछिको तीन तहको सरकार, यसका संरचना निर्माण र सँगठनलाई कामयाबी बनाउनको लागि भएका हाम्रा हालसम्मका प्रयासहरु हेर्दा भोलिको दिनको लागि सुखद लक्षण देखिन्छन् । हाल सामाजिक, आर्थिक विकास तथा रुपान्तरणमा धैरे परिवर्तन आएको अनुभूति गरिएको छ । पारदर्शी संस्कृति अवलम्वन भएको पाएका छौं । स्थानीय जनतालाई निरन्तर सेवा प्रवाह गर्ने जनप्रतिनिधि साथै आम कर्मचारी प्रति आभार व्यक्त गर्न चाहन्छु ।

१८०. प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट मुसिकोटको विकासमा सकारात्मक प्रभाव पर्ने र उच्च भौतिक एवं वित्तीय प्रगति हासिल गर्दै **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न सहयोग पुग्नेछ भन्ने आसा लिएको छु ।

१८१. समुन्नत र समृद्ध हाम्रो मुसिकोट नगर निर्माणमा सहयोग पुऱ्याउने संघीय सरकार एवं प्रदेश सरकारका विभिन्न निकायहरु, जिल्ला समन्वय समिति, रचनात्मक तथा सहयोगी भूमिका निभाउँदै आउनु भएका राजनीतिक दल, निजी क्षेत्र, सहकारीक्षेत्र, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, आम संचार माध्यम र सञ्चारकर्मीहरु एवं जन्मभूमिका लागि चिन्तनशील र सहयोगी रहेका सबै प्रवासीहरु लगायत विभिन्न तह र तप्काका महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै स्थानीय सरकारको रुपमा सेवा गर्ने अवसर प्राप्त भएको यस घडीमा जहाँ सुकै रहनु बस्नु भएका सम्पूर्ण मुसिकोट वासीहरु आमा, बुबा, दाजु, भाई, दिदी, बहिनी एवं अमूल्य राय सुझाव प्रदान गर्नु हुने अन्य स्थानीय सरकार, स्थानीय प्रशासन र सुरक्षा निकायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु र प्रस्तुत नीति र कार्यक्रमको अनुमोदन र सफल कार्यान्वयनको अपेक्षा राख्दछु ।

१८२. उपस्थित सभा सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारीहरु, पत्रकार बन्धु लगायत उपस्थित महानुभावहरुबाट यो नीति तथा कार्यक्रम कार्यान्वयनमा समन्वय, सहयोग तथा सक्रिय सहभागिताको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नमस्कार ! धन्यवाद ।

मितिः २०८१/०३/५

जिवलाल खरेल जीवन
नगर प्रमुख
मुसिकोट नगरपालिका, वामीटक्सार, गुल्मी

जिवलाल खरेल जीवन
प्रमुख